

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ९ गते बुधबार ❑ 22 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको परिमार्जित आधारपत्र सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको परिमार्जित आधारपत्र, २०८१ सार्वजनिक गरिएको छ । गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदको गत जेठ ४ गतेको निर्णयअनुसार स्वीकृत दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/०८६) को परिमार्जित आधारपत्र मंगलबार मुख्यमन्त्री खगराज अधिकारीले सार्वजनीक गर्नुभएको हो ।

राष्ट्रिय योजना आयोगले प्रदेशलाई परिपत्र गरी १४ वटा विषयगत क्षेत्र निर्धारण गरी योजना बनाउन निर्देश गरे पनि त्यसलाई अवलम्बन नगरेको पाइएकाले आधारपत्र परिमार्जन गरिएको उहाँको भनाई छ। 'गरिबी न्यूनीकरण, समतामूलक समाज स्थापना र स्थानीय आर्थिक विकासलाई आधारपत्रले समेटेको रहेनछ, हामीले दिनको १८ घन्टाभन्दा बढी काम गरेर यसमा परिमार्जन गरेका छौं ।' मुख्यमन्त्री अधिकारीले भन्नुभयो । प्रदेश नीति तथा योजना आयोगको अध्यक्ष समेत रहनुभएका मुख्यमन्त्री अधिकारीले दोस्रो आवधिक योजनाका उद्देश्य आर्थिक वृद्धि एवम् विकासका लाभको समतामूलक र न्यायोचित वितरण मार्फत समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु रहेको बताउनुभयो ।

यस्तै मानव पुँजी निर्माण, गुणस्तरीय पूर्वाधारको विकास एवम् उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समृद्ध प्रदेशको आधारशिला निर्माण गर्नु तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा प्रदेशवासीको सहज पहुँच र सुशासन अभिवृद्धि गर्नु समेत योजनाका उद्देश्य रहेका छन् । संघीयता कार्यान्वयनको हालसम्म प्राप्त महत्वपूर्ण उपलब्धि र अनुभव समेतका आधारमा संविधान निर्दिष्ट एकल तथा साझा अधिकारका विषयलाई कार्यान्वयन गर्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पुरा गर्न गण्डकी प्रदेश सरकार अग्रसर रहेको मुख्यमन्त्री अधिकारीको भनाई छ । समाजवाद उन्मुख स्वतन्त्र, आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्यलाई सार्थकता प्रदान गर्न "समृद्ध प्रदेशः सुखी प्रदेशवासी" लाई मूल उद्घोष मान्दै दोस्रो पञ्चवर्षीय योजनाको सोच तय गरिएको अधिकारीले खुलाउनुभयो । उक्त प्रादेशिक सोच हासिल गर्न उत्पादकत्व वृद्धि मर्यादित जीवन र सामाजिक न्याय सहितको सुशासनयुक्त समुन्नत प्रदेश निर्माण गर्ने लक्ष्य निर्धारण गरिएको छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न अभिप्रेरित रही गरिबी न्यूनीकरण, आर्थिक असमानताको न्यूनीकरण, सामाजिक समानता र स्थानीय आर्थिक विकासमा जोड दिँदै उल्लेखित लक्ष्य प्राप्तिका लागि प्रादेशिक उद्देश्य सहितका समष्टिगत रणनीति र प्रादेशिक विकास तथा रूपान्तरणका प्राथमिक क्षेत्रहरू पहिचान गरिएको छ । प्रदेश विकासका समष्टिगत रणनीतिहरूमा उत्पादन तथा उत्पादकत्व र दिगो आर्थिक वृद्धि गर्ने, मानव पुँजी निर्माण तथा न्यायपूर्ण समाजको स्थापना गर्ने, दिगो तथा उत्थानशील पूर्वाधार विकास तथा अन्तर आबद्धता अभिवृद्धि गर्ने, हरित,कार्बन तटस्थ तथा जलवायु अनुकूलनका कार्य र स्वच्छता अभिवृद्धि गर्ने रहेको छ ।

यसैगरी विकास प्रक्रिया तथा नतिजामा लैङ्गिक समानता तथा समावेशिता कायम गर्ने,नवीन ज्ञान तथा प्रविधिको अभ्यास र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने, स्रोत परिचालन, सुशासन, अन्तरसम्बन्ध र साझेदारीलाई सबलीकरण तथा सुदृढीकरण गर्ने र प्रदेश नीति, योजना तथा विकास नतिजालाई अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित बनाउने समेत प्रदेश विकासका समष्टिगत रणनीति हुन् । योजनाको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरूलाई मूर्तता प्रदान गर्न गण्डकी प्रदेशले आगामी पाँच वर्षको लागि प्रादेशिक विकास तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकीको सरुवा रोग अस्पतालको निर्माण सुस्त

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

पोखरा महानगरपालिका-३० मोहोरियास्थित सङ्क्रामक तथा सरुवा रोग अस्पताल भवन निर्माणकार्यले गति लिन सकेको छैन । ठेक्का सम्झौता अनुसार आगामी असारभित्र भवन निर्माण गरिसक्नुपर्नेमा हालसम्म ५२ प्रतिशतमात्र भौतिक प्रगति र ५५ प्रतिशत वित्तीय प्रगति भएको छ ।

गण्डकी प्रदेश सरकारले बहुवर्षीय आयोजनामा समेटेको अस्पताल भवन निर्माणकार्य 'एम-धुलिखेल-प्याराडाइज जेभी'ले गरिरहेको छ । विसं २०७८ असारमा २८ मा तीन वर्षमा निर्माण सक्ने सम्झौता भए पनि निर्माणकार्यले गतिलिन नसकेको प्रदेश सरकारको सहरी विकास तथा भवन कार्यालयले जनाएको छ। कार्यालयका निमित्त प्रमुख रवीन्द्र तिवारीले प्रदेश सरकारले प्राथमिकताका साथ बजेट विनियोजन गरेपनि निर्माण कम्पनीले सोचेजसरी काम देखाउन सकेको बताउनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्षसम्म भवन निर्माणमा रु १२ करोड ३८ लाख खर्च भइसकेको छ । चालु आवमा थप रु पाँच करोड विनियोजन गरिएको थियो, जसमध्ये हालसम्म रु चार करोड बराबरको काम पनि नभएको निमित्त प्रमुख तिवारीले जानकारी दिनुभयो । "अब जति तीव्रगतिमा काम गरेपनि आगामी असारभित्र एक करोडको काम हुने अवस्था छैन । निर्माण कम्पनीले आन्तरिक व्यवस्थापन मिलाउन नसक्दा काममा ढिलासुस्ती भइरहेको हो", उहाँले भन्नुभयो ।

कम्पनीले रु तीस करोड २० लाखको लागतमा चार तलाका तीनवटा 'ब्लक' निर्माणको ठेक्का पाएको छ । सरकारले प्रदेशकै पहिलो सङ्क्रामक तथा सरुवा रोग अस्पताल भएकाले भवन निर्माणमा बजेट अभाव हुन नदिने बताउँदै आएको छ। निर्माण कम्पनीका प्राविधिक वीरेन्द्र जिसीले भने आगामी असारभित्र विनियोजित बजेटअनुसार काम हुने बताउनुहुन्छ । उहाँले यसरी नै बजेट विनियोजन गर्दा भवनले पूर्णता पाउन अझै तीन वर्षजति लाग्ने भन्दै बजेट र भुक्तानी प्रक्रियालाई सहज बनाउन आग्रह गर्नुभयो । उहाँले सुरूको वर्ष जग्गा व्यवस्थापन, पर्खाल र जग निर्माणले समय बढी लिएको बताउनुभयो । "आगामी वर्षदेखि बजेट बढाएमा आफूहरू समयमै काम गर्न तयार छौँ । अहिले पनि ढलानलगायतका काम भइरहेका छन् ।" २० वर्षअघि सञ्चालनमा ल्याइएको लेखनाथ सामुदायिक लायन्स अस्पताल चार वर्षअघि गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गरिएको थियो । प्रदेश सरकारले सोही अस्पताललाई सङ्क्रामक तथा सरुवा रोग अस्पतालको रूपमा विकास गरिरहेको छ । १५ शय्याबाट सुरू गरिएको उक्त अस्पतालको क्षमता हाल ५० शय्याको छ । अस्पतालले बहिरङ्ग र अन्तरङ्ग सेवा दिँदै आएको छ । एक सय रोपनी क्षेत्रफलमा फैलिएको अस्पताल हाल पुरानै भवनबाट सञ्चालन भइरहेको छ ।

## निर्वाचनपछि समानन्तर गतिविधि गर्नु महाअपराध हो : खगराज अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले राष्ट्रिय राजनीतिको चुनौतीलाई सामना गर्न एकतावद्ध बलियो पार्टी आवश्यक भएको बताउनुभएको छ। नेकपा (एमाले) कास्की जिल्ला कमिटीले मंगलबार पोखरामा आयोजना गरेको सहिद कृष्ण बहादुर भुजेलको २७ औं स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उहाँले पार्टीलाई सुदृढ र बलियो बनाउन संवेदनशील बन्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

केही नेता तथा कार्यकर्ताबाट

## पश्चिमाञ्चल माध्यमिक विद्यालयमा सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ




पोखराको पश्चिमाञ्चल माध्यमिक विद्यालयमा आगामी शैक्षिक सत्र देखि सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु हुने भएको छ ।


पोखरामा सौन्दर्य तथा केश कलाको प्रवल सम्भावना भएकोले नेपाल सरकारकै पाठ्यक्रम अनुसारको व्यवहारिक शिक्षा दिने उद्धेश्यले आउँदो शैक्षिक सत्रको प्लस टुमा उक्त कोर्ष सुरु हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । पोखरा ४, गैह्रापाटनस्थित पश्चिमाञ्चल मा.वि. ले आगामी शैक्षिक सत्रदेखि कक्षा ११ र १२ (प्लस टु) मा सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु गर्ने तयारी गरेको बिद्यालयका अध्यक्ष प्रा.डा.रामनाथ ओझाले बताउनु भयो । यस विषयको पठनपाठन कक्षा ११ मा १०० पूर्णाङ्क र कक्षा १२ मा १०० पूर्णाङ्क गरी जम्मा २०० पूर्णाङ्कको हुने भएको उहाँले जनाउनु भयो ।

पाठ्यक्रम ५० पूर्णाङ्क प्रयोगात्मक र ५० पूर्णाङ्क सैद्धान्तिक प्रकृतिको भएकाले विद्यार्थीले प्रयाप्त मात्रामा सिप हासिल गर्न सक्ने निश्चित रहेको बिद्यालयका प्राचार्य सरोज कोइरालाले बताउनु भयो । व्यवस्थापन सङ्काय अन्तर्गत पठनपाठन हुने भएकाले यस सङ्कायमा लाग्ने शुल्कका अतिरिक्त यस विषयको अध्ययन गर्ने विद्यार्थीका लागि थप प्रयोगात्मक शुल्क २४ हजार शुल्क लाग्ने बिद्यालयले जनाएको छ । सौन्दर्य तथा केश कला विषय संस्थागत विद्यालयमा पोखरामा पहिलो पटक सञ्चालन हुन लागेको बिद्यालयले दाबी गरेको छ । विद्यालयले आइरिस हेयर एण्ड ब्युटी केयर प्रा. लि. सँगको सहकार्यमा यही जेठ १५ गतेदेखि ५० जनालाई एक हप्ते सेल्फ मेकअप (स्किन केयर) सम्बन्धी निःशुल्क तालिम सञ्चालन गर्न भएको छ । उक्त तालिममा पहिला आउनेलाई प्राथमिकता दिई जम्मा ५० जनालाई मात्र सहभागी गराइने भएको छ । वि.स. २०४९ मा स्थापना भएको पश्चिमाञ्चल माध्यमिक विद्यालयमा हाल नर्सरीदेखि १२ कक्षासम्मका कक्षाहरू सञ्चालन भई रहको सहायक प्राचार्य मिनु श्रेष्ठले बताउनु भयो । हालसम्म कक्षा ११ र १२ मा व्यवस्थापन, होटल व्यवस्थापन, विज्ञान, मानविकी र कानुन विषयको अध्ययन अध्यापन हुँदै आइरहेको छ । व्यावसायिक र सिपमूलक शिक्षा आजको आवश्यकता भएको महशुस गरी उक्त कोर्ष बिद्यालयले सुरु गर्न लागेको श्रेष्ठले जनाउनु भयो । यो पुरुष तथा महिला दुवैले अँगाल्न सक्ने पेसा भएको बिद्यालयका प्लस टु संयोजक देव बहादुर क्षेत्रीले बताउनु भयो । पोखरामा होटल म्यानेजमेन्ट र सौन्दर्य तथा केश कलाको धेरै सम्भावना रहेको बताउनु भयो । पछिल्लो समयमा महिलाहरु गरगहना भन्दा पनि बढी मेकअप गर्ने प्रचलन अत्याधिक भएको उहाँको दाबी छ । शिक्षक सोनम गुरुङले सौन्दर्यको बारेमा चर्चा गरिन । प्रायः गरी भारतीय मुलका व्यक्तिहरुले अपनाउदै आएको केश कला आफ्नो क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न सके केही युवाहरुलाई स्वदेशमै स्वरोजगार सृजना गर्न सकिने बिद्यालयले जनाएको छ ।


## तातो हावा "लु" बाट जोगिने उपाय

- ◆सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- ◆निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने,
- ◆फलफूलको रस र पानी प्रशस्त पिउने,
- ◆धेरै पसिना आएमा जीवनजल पिउने,
- ◆चिसो पानीले नुहाउने,
- ◆कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- ◆मदिरा सेवन नगर्ने,
- ◆सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने,

नेपाल सरकार
विज्ञापन बोर्ड



# पर्यटन प्रबर्द्धनका लागि अन्नपूर्ण म्याराथन

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

'पर्यटनका लागि सबै मौसम' भन्ने मूल नाराका साथ २०७५ सालदेखि सुरू गरिएको अन्नपूर्ण म्याराथनको चौँथो संस्करण आगामी जेठ २१ गते गर्ने गरी तयारी तीव्र पारिएको छ।

अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिको आयोजना तथा अन्नपूर्ण गाउँपालिका कास्कीको व्यवस्थापनमा अन्नपूर्ण आरोहण दिवस (जुन ३) का दिन म्याराथन गर्न लागिएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवम् म्याराथन मूलआयोजक समितिका संयोजक ललित गुरुङले जानकारी दिनुभयो । म्याराथन अन्तर्गत धावकहरू अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म कूल ४२ दशमलव १९५ किलोमिटर दूरीमा दौडने छन्।

"अन्नपूर्ण आधार शिविरको पूर्वाधार विकाससँगै पर्यटन प्रबर्द्धनका लागि सुरू गरिएको म्याराथनलाई यस वर्ष पनि निरन्तरता दिन लागिएको हो", उहाँले भन्नुभयो, "म्याराथनले अन्नपूर्ण आधार शिविरसहित यहाँको समग्र पर्यटन प्रवर्द्धनमा विशिष्ट योगदान पुर्‍याएको छ।"

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहणसँगै विश्वमा हिमाल आरोहणको क्रम सुरु भएकाले अन्नपूर्ण हिमाललाई आरोहणको जेठो हिमालका रूपमा समेत लिइन्छ। मौरिस हर्जोगको टालीले जुन ३ अन्नपूर्ण प्रथमको आरोहण गरेकै कारण यस दिनलाई अन्नपूर्ण आरोहण दिवस(अन्नपूर्ण डे) का रूपमा मनाउने गरिएको छ। यही दिवसका अवसरमा सुरु गरिएको अन्नपूर्ण म्याराथनको ऐतिहासिक गरिमा र महत्व विशिष्ट रहेको संयोजक गुरुङले बताउनुभयो।

विसं २०७५ देखि सुरु गरिएको म्याराथनबीचका दुई संस्करण कोभिड- १९ का कारण हुन नसकेकोमा गत वर्षदेखि यसलाई पुनः निरन्तरता दिइएको अध्यक्ष गुरूङले जानकारी दिनुभयो । म्याराथनमा सहभागी धावक अन्नपूर्ण आधारशिविरबाट माछापुच्छ्रे आधारशिविर, बगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुईंले, कोम्रोङडाँडा, किम्रोङखोला, उरी हुँदै घान्द्रुकसम्म आउने गरी मार्ग तय गरिएको समितिका महासचिव दिलीप गुरूङले जानकारी दिनुभयो।

म्याराथनको पहिलो, दोस्रो र तेस्रो संस्करणको उपाधि क्रमशः त्रिभुवन आर्मीका हरिकुमार रिमाल, डोटीका खगेन्द्रबहादुर भाट र जुम्लाका धीरबहादुर बुढाले जित्नुभएको थियो । तेस्रो संस्करणदेखि महिलातर्फ पनि म्याराथन आयोजना गरिएकोमा महिलातर्फको उपाधि गणना भण्डारीले जित्नुभएको थियो । महिला तथा पुरुष दुबैतर्फका लागि हुने म्याराथनमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमश नगद रु एक लाख ५० हजार, रु एक लाख र ७५ हजार नगदका साथमा मेडल तथा प्रमाणपत्र प्रदान गरिने महासचिव गुरुङले जानकारी दिनुभयो। विदेशी धावकका लागि प्रोत्साहन पुरस्कारस्वरुप विशेष पुरस्कारको व्यवस्था गरिएको छ। पुरुषतर्फ दर्ता शुल्क रु सात हजार र महिलातर्फ पाँच हजार तोकिएको छ । म्याराथनमा सहभागिताका लागि अनलाइनमार्फत दर्ता प्रक्रिया सुरु भइसकेको जानकारी दिँदै महसचिव गुरुङले यस संस्करणमा ७० जनाभन्दा बढी धावक सहभागी हुने बताउनुभयो। उहाँका अनुसार हालसम्म छ जना विदेशी धावकले सहभागिता हुने जानकारी गराएका छन् । म्याराथनलाई अन्तर्राष्ट्रिय इभेन्टका रूपमा विकास गर्न गतवर्षदेखि अल्टिमेट एड्भन्चर नेपालले प्राविधिक सहयोग, अन्नपूर्ण गाउँपालिकाको व्यवस्थापन एवम् अन्नपूर्ण समाज काठमाडौंको सहकार्य रहेको छ। म्याराथनमा नेपाल पर्यटन बोर्ड, घान्द्रुक पर्यटन व्यवस्थापन समिति, छोम्रोङ पर्यटन व्यवस्थापन समिति, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), राष्ट्रिय प्रकृति संरक्षण कोष, टाँडापानी पर्यटन व्यवस्थापन समिति, मुल्डे भ्यू-पार्क व्यवस्थापन समिति, खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद, भूपू खेलाडी मञ्च, नेपाल एड्भेन्चर रनिङ महासङ्घ, सिआइडब्लुईसी क्लिनिकसहितका अन्य पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाले सहयोग गर्ने जनाइएको छ।

म्याराथनका लागि ४२ सदस्यीय मूल व्यवस्थापन समिति, १३ वटा विभिन्न उपसमिति तथा सल्लाहकार समिति गठन गरिएको गुरुङले बताउनुभयो।

## निर्वाचनपछि ...

पार्टी विरोधी गतिविधि भइरहेका भन्दै उहाँले असन्तुष्टी जनाउनुभयो। 'फेसबुकमा एमाले विरोधी अभियान चलाइएको छ, अराजकता फैलाइएको छ, बहालवाला स्थानीय कमिटीकै पदाधिकारीले त्यो काम गरिरहनुभएको छ'उहाँको दावी थियो । निर्वाचनपछि समानन्तर गतिविधि गर्नु भनेको महाअपराध हुने भन्दै त्यस्ता गतिविधि नगर्न सचेत गराउनुभयो । 'चुनाव पछि समानन्तर गतिविधि गर्नु भनेको महाअपराध हो त्यस्तो काम गर्नु हुँदैन' उहाँले भन्नुभयो । पार्टीले अगालेको सिद्धान्त अनुसार व्यक्तिको मानसिकतामा परिवर्तन नआउँदा समस्या भएको उहाँको बुझाई छ । उहाँले हालको सत्ता समीकरणलाई बलियो बनाउदै लैजानुपर्ने बताउनुभयो । 'हामीले गर्न खोजेको समीकरण हो पार्टी एकता होइन, पार्टी एकताको आवश्यकता व्यवहारले गर्दै गयो भने हुनेछ' उहाँले थप्नुभयो। सहिद परिवार पार्टीप्रति दृढ रहेकै कारण पार्टी यहाँसम्म आइपुगेको भन्दै सबैले सहिद तथा उनका परिवार सम्झेर उनीहरुले देखेका सपना पुरा गर्न ध्यान दिनुपर्ने बताउनुभयो।

सहिद कृष्ण भुजेल स्मृति प्रतिष्ठान कास्कीका संयोजक विष्णु बरालले प्रतिष्ठान मार्फत गर्न खोजेका कामको बारेमा जानकारी गराउनु भएको थियो। प्रतिष्ठानले ५ लाख रुपैयाँको अक्षयकोष निर्माण गर्ने लक्ष्यका लिएको छ। कोषको लागि आफ्नो एक महिनाको तलब उपलब्ध गराउने प्रतिवद्धता मुख्यमन्त्री अधिकारीले गर्नुभयो । सोही कार्यक्रम मार्फत सहिद कृष्ण बहादुर भुजेल स्मृति छात्रवृक्ति लक्ष्मी माविकी छात्रा मनिषा सुवेदी र जनज्योती माविकी छात्रा आशिका पौडेललाई हस्तान्तरण गरियो। नेकपा (एमाले) कास्की जिल्ला कमिटीका अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा, उपाध्यक्ष भेषराज बरालले स्वागत तथा सचिव दर्शन लामाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। तत्कालिन राखी गाविसका भुजेलमाथि २०५४ साल जेठ ४ गते पोखरा २८ कालिका झाँझरमारेमा साङ्घातिक आक्रमण भएको थियो । आक्रमणबाट सख्त घाइते हुनुभएका भुजेलको उपचारको क्रममा जेठ ८ गते १७ वर्षको उमेरमा निधन भएको थियो।

## गण्डकी ...

रूपान्तरणका प्राथमिक क्षेत्रहरू तय गरेको छ । तय भएका प्राथमिक क्षेत्रमा सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण, प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन, व्यावसायिक कृषि तथा आत्मनिर्भरता, दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण, बजारमुखी औद्योगीक उत्पादन एवम् दिगो पर्यटन, सर्वसुलभ स्वास्थ्य तथा जनसाि्यक लाभ, शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण रहेको छ। मर्यादित श्रम, गरिबी न्यूनिकरण तथा सामाजिक संरक्षण, दिगो तथा उत्थानशील पूर्वाधार निर्माण,स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी व्यवस्थापन, सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुदृढ शासन, सेवा प्रवाह र तहगत सम्बन्ध र सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन प्रादेशिक विकास तथा रूपान्तरणका प्राथमिक क्षेत्रहरू हुन् । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.श्रीकान्त शर्मा खतिवडाले शिक्षा, स्वास्थ्य, लैंगिक समानता, सामाजिक समावेशीताको क्षेत्रमा केही परिमार्जन गरिएको बताउनुभयो । यस्तै नमिलेका ठाउँ पहिल्याएर आधारपत्र परिमार्जन गरिएको डा. खतिवडाको भनाई थियो।

# वाईवाई यु-१९ क्रिकेट सुरु

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

टिम विन्ध्यवासिनी र बाराहीले यू-१९ वाईवाई कप कास्की जिल्ला पुरुष क्रिकेट छनौंट प्रतियोगिता २०८१ मा विजय सुरुवात गरेका छन्।

कास्की जिल्ला क्रिकेट संघको आयोजना तथा पोखरा महानगरपालिकाको सहयोगमा मंगलबारदेखि पोखरा रंगशाला स्थित क्रिकेट मैदानमा सुरु प्रतियोगिताको उद्घाटन खेलमा विन्ध्यवासिनीले टिम भद्रकालीलाई नौ विकेट र दोस्रो खेलमा बाराहीले टिम अकलालाई सात विकेटले पराजित गरेको हो। २५ ओभरमा खेलाईएको प्रतियोगिताको उद्घाटन खेलमा टस जितेर ब्याटिङ रोजेको भद्रकालीले २५ ओभर खेल्दै नौ विकेट गुमाएर एक सय १५ रन बनाएको थियो । एक सय १६ रनको लक्ष्य पछ्याउदै मैदान उत्रेको बिन्ध्यवासिनीले १५.४ ओभर खेल्दै एक विकेट गुमाएर एक सय १६ रन बनाएर लक्ष्य पुरा गरेको थियो।




बिन्ध्यवासिनीको जितमा सिब्रिन श्रेष्ठ नट आउट रहदै अर्धशतक पुरा गर्ने क्रममा ५१ बलमा नौ चौका र पाँच छक्का सहित टोलीका लागि ७६ रनको योगदान गरेका थिए । उनी खेलका म्यान आफदी म्याच समेत घोषित भएका थिए । टोलीका लागि सुरज श्रेष्ठले १७ र सफल श्रेष्ठले नट आउट रहदै एक रन जोडेका थिए।

भद्रकालीका लागि सलभ सुबेदी नट आउट रहदै ५० बलमा दुई चौका प्रहार गदै टोलीका लागि सर्वाधिक २९ रन जोडेका थिए । टोलीका लागि सुमन पन्तले २५, अर्जुन कुमालले २२ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंक छुन सकेनून।

दोस्रो खेलमा खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको अकला १४.६ ओभर खेल्दै सबै विकेट गुमाएर जम्मा ५५ रनमा समेटिएको थियो । ५६ रनको लक्ष्य पछ्याउदै मैदान उत्रेको बाराही ८.४ ओभर खेल्दै तीन विकेट गुमाएर ६१ रन बनाउदै लक्ष्य पुरा गरेको थियो । बाराहीको जितमा ओपनर रोहित चन्द्र नट आउट रहदै २३ बलमा चार चौका सहित २६, खेलका म्यान आफ दी म्याच आदित्य थापाले १४ रन जोड्दा टोलीका अन्य खेलाडीले दोहोरो अंक जोड्न सकेनून। उता अकलाका लागि कुनै पनि खेलाडीले दोहोरो अंक जोड्न असफल रहदा अनिश पटेलले टोलीका लागि सर्वाधिक सात रन जोडेका थिए।

चार टोली सहभागि रहेको प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आर्चायले अम्पाएर द्धय भोजराज बराल र दिलिप अग्रहरीलाई बल हस्तान्तरण गदै गरेका थिए। उद्घाटन पछि मेयर अर्चायले महानगरपालिकाले खेलकुद र पर्यटनलाई जोड्ने गरि विभिन्न कार्यक्रम संचालन र सहयोग गदै आएको बताएका थिए। क्रिकेट सम्भावना बेकेको खेल रहेको भन्दै खेल क्षेत्रको लागि आउदो आर्थिक वर्ष महानगरले बजेट बृद्धी गर्ने बताएका थिए।

आयोजक संघ कास्कीका अध्यक्ष सञ्जयकान्त सिग्देलले प्रतियोगिताका लागि पहिलो चरणमा सहभागि ८४ जना खेलाडीहरुबाट ४८ जना छनौट गरि चार टिम बनाईएको जानकारी दिए । जिल्लाको प्रतियोगितापछि गण्डकी प्रदेश प्रतियोगिता हुने भएकाले जारी प्रतियोगिताबाट १४ जना खेलाडी छनौट गरिने जानकारी दिए । ११ गतेसम्म जारी रहेन प्रतियोगितामा बिहीबार र शुक्रबार दुई/दुई खेलहरु हुने उनले जानकारी दिए।

**विषादीको सुरक्षित प्रयोग गरौं**

- खेतबारीमा जथाभावी विषादी प्रयोग नगरौं। आफ्नो र वातावरणको ख्याल गरौं।
- केटाकेटीलाई विषादीबाट टाढा राखौं। साथसाथै, विषादीलाई खानेकुरा, जनावरको दाना र चाराबाट छुट्टै स्थानमा राखौं।
- सकेसम्म जैविक विषादीको मात्र प्रयोग गरौं र रासायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं।
- विषादी प्रयोग गर्दा र छर्कदाँ सुरक्षित पहिरनको (पञ्जा, मास्क, चस्मा, पूरै बाहुला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादि) प्रयोग गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं।
- बिषादी प्रयोग गर्नुपूर्व त्यसको लेवल (रंग र संकेत) पढौं र बुझौं।
- जीवनासक विषादी चलाउँदा खाने, पिउने र धुम्रपान गर्ने नगरौं।
- जीवनासक विषादी प्रयोग पश्चात् प्रयोगकर्ताले राम्रोसँग नुहाइधुवाइ गर्ने, खाली भाडाको सुरक्षित तवरले नष्ट गर्ने र फल टिप्नको लागि प्रतिक्षा अवधि र पुनःप्रयोग अवधिमा ध्यान दिने गरौं।
- ध्यान राख्नुहोस्: *विषादी विष हो, औषधि होइन।*

**विषादी कारोबारमा संलग्न महानुभावहरुमा विशेष अनुरोध**

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।
- नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस्।
- कारोबार गर्दा पञ्जिकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस्।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस्।
- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस्।
- पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस्।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस्।


आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# गैरजिम्मेवार अभिव्यक्ति

उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले ६ जेठको साँझ रोस्ट्रममा उभिएर भने, 'नागरिकता एउटै बोक्ने तर देशका गोप्य सूचना विदेशीलाई बेच्ने एजेन्ट र एसेटहरूलाई बाहिर पठाऊँ, संसदबाट हटाऊँ । जतिसुकै शक्तिशाली होस्, देशको मन्त्री होस् कि पार्टीको महामन्त्री ।' लामिछानेले संसदको रोस्ट्रममा उभिएर जे बोले, त्यसले सांसदमा देशविरुद्ध सुराकी गर्न पनि पुगेका छन भन्ने सन्देश दिएको छ । गृहमन्त्रीको पदीय जिम्मेवारीले बोल्न नसुहाउने र हाम्रा सांसद विदेशीको एजेन्ट हुँदा रहेछन भन्ने स्पष्ट भएको छ ।

देशको राष्ट्रियता, सुरक्षा संवेदनशीलताका बारेमा गृहमन्त्रीको हल्का अभिव्यक्ति हो । विदेशीलाई सूचना बेच्ने एजेन्ट नै सांसद रहेछन् भने राष्ट्रिय सुरक्षाको दृष्टिकोणमा गृहमन्त्री लामिछानेले पक्राउ गर्नुपर्ने हुन्छासंचार माध्यममा आएका हुन भनेर उम्कन मिल्दैन । देशको सुरक्षा संवेदनशीलता, राष्ट्रियतासँग जोडिएका कुराहरू थाहा पाउँदा पनि गृहमन्त्रीले यस्तो छ भनेर बस्नु राज्यका लागि नै घातक हो ।

गृहमन्त्रीजस्तो जिम्मेवार व्यक्तिले संसदमा बोलेका कुराहरू प्रमाणित हुनुपर्छ, लाञ्छना लगाउने होइन । सूचना बेचेको प्रमाण भएमा संसदमा भन्ने होइन, कारबाही गर्नुपर्छ । सूचना बेच्ने व्यक्तिलाई कारबाही गर्नुपर्छ । गृहमन्त्रीले प्रतिक्रियात्मक भएर पन्छिन पाइँदैन, उनीमाथि पनि नैतिक प्रश्न उठ्छ ।' गृहमन्त्रीको अभिव्यक्तिपछि कांग्रेसले भने हिंस्रक अभिव्यक्तिको रूपमा व्याख्या गरेको छ । गैरजिम्मेवार र 'केटौले' अभिव्यक्ति मात्र होइन, अराजक र हिंस्रक भनेको कांग्रेसले सूचना बेच्ने घटना प्रमाणित गर्न पनि चुनौती दिएको छ । गृहमन्त्रीले लगाएका आरोप प्रमाणित हुन् कि होइनन् भन्ने सामान्य हेक्का पनि राखेको देखिँदैन ।

देशको गृहमन्त्रीजस्तो पदमा बसेर अर्को दलको सांसदमाथि सूचना बेचेको आरोप लगाउने होइन, सूचना बेच्ने सांसदलाई पक्राउ गर्नुपर्ने भ्रष्ट्राचार, अनियमितता, सूचना विदेश पठाउने छन् । यस्तो सूचना गृहमन्त्रीसँग भएपछि संसदमा बोल्ने होइन, कारबाही गर्नुपर्ने हो । अपराध गर्नेलाई छुट हुँदैन । सहकारी ठगी प्रकरणमा मुछिएपछि कांग्रेसले लामिछानेमाथि निरन्तर प्रश्न उठाइरहेको छ । त्यही प्रश्नको जवाफ दिने क्रममा आक्रोशित लामिछानेले प्रतिपक्षमाथि दबाब बढाउने नाममा राष्ट्रिय सुरक्षा संवेदनशीलताको तेजोबोध गरेका छन । गृहमन्त्रीले आफूमाथि लागेका आरोपहरू छानबिन गराएर क्लियर गर्नुभन्दा पूरापूर प्रतिक्रियात्मक भएर सम्बोधन गर्नु यो गैरजिम्मेवारीपन हो । कांग्रेसले मंगलबारको संसद बैठकमा पनि यो विषयलाई प्रमाणित गर्नुपर्ने माग राखेको छ । कांग्रेसले राष्ट्रिय सूचना बेच्ने मान्छे को हो, संसदमा देखाइदिन उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेलाई चुनौती दिएको छ ।गृहमन्त्रीको अभिव्यक्ति पुष्टि नभए संसदको रेकर्डबाट हटाउन कांग्रेसको मागलाई हल्का रुपमा लिनु हुँदैन ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाब |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# कान्तिपुर मिडिया पब्लिकेसनका अध्यक्ष सिरोहिया पक्राउ

**रासस**
काठमाडौं, ८ जेठ

कान्तिपुर मिडिया पब्लिकेसनका अध्यक्ष कैलाश सिरोहियालाई प्रहरीले पक्राउ गरेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालय काठमाडौंका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराई र प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीको टोलीले अध्यक्ष सिरोहियालाई पब्लिकेसनको थापाथलीस्थित उहाँकै कार्यकक्षबाट मंगलबार पक्राउ गरेको हो । प्रहरी उपरीक्षक रेग्मीले अनुसन्धानका क्रममा अध्यक्ष सिरोहियालाई पक्राउ गरिएको जानकारी दिँदै थप अनुसन्धानका लागि जनकपुर लैजाने तयारी भइरहेको बताउनुभयो । पक्राउ परेपछि अध्यक्ष सिरोहियाले सञ्चारकर्मीहरूसँग संक्षिप्त कुरा गर्दै आफूले छानबिनका लागि सघाउँछु भन्दाभन्दै कार्यकक्षबाट पक्राउ गरेकामा आपत्ति जनाउनुभयो ।

जिल्ला अदालत धनुषाका न्यायाधीश चित्रबहादुर गुरुङको एकल इजलासले मंगलबार अध्यक्ष सिरोहियाविरूद्ध पक्राउ पुर्जी जारी गर्न आदेश दिएको थियो ।

यसैगरी अध्यक्ष कैलाश सिरोहियाले आफूविरुद्ध जिल्ला अदालत धनुषाबाट जारी भएको पक्राउ पुर्जी खारेज गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन पेस गर्नुभएको छ ।जिल्ला अदालत धनुषाका न्यायाधीश चित्रबहादुर गुरुङको एकल इजलासले सिरोहियाविरूद्ध पक्राउ पुर्जी जारी गर्न आदेश दिएपछि उहाँले सर्वोच्च अदालतमा रिट निवेदन पेस गर्नुभएको हो । उक्त रिट दर्ता गर्ने वा नगर्ने भन्ने विषयमा बुधबार छलफल हुने सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले जानकारी दिनुभयो । सिरोहियाको नागरिकता नम्बर र अर्को एक व्यक्तिको नागरिकता नम्बर एउटै रहेको उल्लेख गर्दै जाहेरी परेपछि धनुषा प्रहरीले उहाँविरूद्ध पुर्जी जारी गर्न माग गरेको थियो ।

# फिस्टेल एसइई कपका क्वाटरफाइनल खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ



पोखरा १७ तल्लो बिरौटास्थित फिस्टेल एकेडेमी माविद्वारा आयोजित ' फिस्टेल एसइई कप २०८१' का क्वाटरफाइनलका खेलहरू मङ्गलवार सम्पन्न भएका छन् ।

मङ्गलवार भएको पहिलो खेलमा कालिमा माविले ढुङ्गेसाँघुलाई ३-० गोल अन्तरले पराजित गरी सेमिफाइनलमा प्रवेश गरेको छ । यस्तै दोस्रो खेलमा शान्तिनिकुञ्जले न्यु लेखनाथलाई १-० ले पराजित गर्‍यो भने भद्रकाली माविले पेनाल्टी सुट आउटमा लिटिल फ्लावरलाई पाखा लगायो । अन्तिम खेलमा मदरल्यान्ड माविले रेन्बोलाई ३-० ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गर्‍यो । छात्रातर्फको ३-३ बास्केटबलका लिग चरणका खेलहरू पनि मङ्गलवार नै सम्पन्न भए । जम्मा ६ समूह सहभागी भएको बास्केटबलमा फिस्टेल एकेडेमी, बालकल्याण मावि, कुमुदिनी होम्स र हिल प्वाइन्ट मावि सेमिफाइनलमा प्रवेश गरे । सेभेन ए साइड छात्र फुटबल तथा ३–३ छात्रा बास्केटबलका सेमिफाइनल र फाइनलका खेलहरू बुधवार सम्पन्न हुने छन् । बुधवार नै ' फिस्टेल एसइई कप २०८१' को समापनसमेत हुने छ ।

फुटबलतर्फ विजेता र उपविजेताले क्रमशः १५ हजार र १० हजार तथा बास्केटबलतर्फ क्रमशः १० हजार र ५ हजार नगद पुरस्कारका साथ मेडल, ट्रफी र प्रमाणपत्र पाउने छन् ।

# पत्रकार हरिहर र श्रीराम पुरस्कृत हुदैं

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

नेपाल पत्रकार महासंघ कास्कीले पत्रकारद्वय हरिहर विरही र श्रीराम सिग्देललाई पुरस्कृत गर्ने भएको छ ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हरिहरलाई कृति स्मृति पत्रकारिता वृत्ति सम्मान २०८० र आर्थिक पत्रकारिता पुरस्कार २०८० बाट पोखराका पत्रकार श्रीराम सिग्देल पुरस्कृत हुन लागेका हुन् । पुरस्कार छनोट समितिले सिफारिस गरेको नाम महासंघ कास्कीको बैठकले अनुमोदन गरेको अध्यक्ष विमला भण्डारीले जानकारी दिइन् । पूर्वसांसद तथा उद्योगपति स्व. सूर्यबहादुर केसीका परिवारवाट स्थापित कृति स्मृति पत्रकारिता वृत्ति सम्मानको राशी नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ रहेको छ । यस पुरस्कारका लागि माधव शर्माको संयोजकत्वमा गठित छनोट समितिले पत्रकार हरिहरको नाम सिफारिस गरेको थियो । समितिकोसदस्यमा कृष्णप्रसाद बास्तोला र रविन्द्र अधिकारी सदस्य थिए । आर्थिक पत्रकारिता पुरस्कारका लागि छनोट भएका पत्रकार श्रीराम सिग्देललाई नगद २० हजार रुपैयाँसहित दोसल्ला र सम्मान पत्रले सम्मान गरिने अध्यक्ष भण्डारीले जानकारी दिइन् । नवराज सुवेदी संयोजक, टंक अधिकारी र दीपेन्द्र श्रेष्ठ सदस्य रहेको छनोट समितिले उनको नाम सिफारिस गरेको थियो । २०५४ सालमा आदर्श समाजबाट पत्रकारिता सुरु गरेका सिग्देल अहिले फेवा पोष्ट साप्ताहिक र फेवापोष्ट खबर डटकमको सहसम्पादक छन् । समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय उपाध्यक्ष सिग्देल नेपाल पत्रकार महासंघ कास्कीको सहसचिवको जिम्मेवारीमा छन् ।

उनीहरुलाई जेठ १२ गते नेपाल पत्रकार महासंघ कास्कीको साधारण सभामा नेपालका संस्थापक राष्ट्रपति रामवरण यादवको उपस्थितीमा सम्मान गरिने नेपाल पत्रकार महासंघ कास्कीका सचिव माधव बरालले जानकारी दिए ।

# किसानलाई व्यावसायिक बनाउन 'बिरुवा हाम्रो, फल तपाईंको कार्यक्रम'

**पोखरापत्र संवाददाता**
पर्वत, ८ जेठ

किसानलाई व्यावसायिक फलफूल खेतीमा आकर्षित गर्न फलेवास नगरपालिकाले 'बिरुवा हाम्रो, फल तपाईंको कार्यक्रम' सुरु गरेको छ ।

व्यावसायिक रूपमा फलफूल खेती गर्न इच्छुक किसानलाई आवश्यकताअनुसार बिरुवा उपलब्ध गराउन नगरपालिकाले यस्तो कार्यक्रम सञ्चालन गरेको हो । नगरका ११ वटै वडाका किसानले यस कार्यक्रम अन्तर्गत हावापानी र भौगोलिक अवस्था अनुसारका फलफूलका विरुवा माग गर्न सक्ने छन् ।

फलेवासमा आँप, लिची, सुन्तला, कागती, जुनार, एभोकाडो, अम्बा, अङ्गुर, ड्रागन फ्रुट, केरालगायत फलफूलको उत्पादन हुँदै आएको छ । राम्रो उत्पादन हुने फलफूललाई व्यावसायिक रूपमा खेती गरेर किसान स्वरोजगार बनुन र नगरपालिकालाई नै फलफूलमा आत्मनिर्भर बनाउनका लागि कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख गङ्गाधार तिवारीले जानकारी दिनुभयो ।

जुन वडामा जुन फलफूल बढी उत्पादन हुन्छ त्यही विस्तार गर्न सकेमा किसान लाभान्वित हुने उहाँको भनाइ छ । नगरपालिकाले ५० प्रतिशत अनुदानमा बिरुवाहरू उपलब्ध गराउने छ । व्यावसायिक रूपमा लागेका किसान, कृषि समूह, सहकारी वा फर्मले न्यूनतम १० वटाभन्दा बढी बिरुवा माग गर्नुपर्ने नगरपालिकाले जनाएको छ । १० वटाभन्दा कम सङ्ख्यामा लगाउने किसानले व्यावसायिक रूपमा प्रगति हासिल नगर्ने भएकाले धेरैभन्दा धेरै सङ्ख्यामा बिरुवा लगाउन भन्ने नगरको उद्देश्य रहेको फलेवास नगरपालिकाका उपप्रमुख शोभाकुमारी क्षेत्रीले जानकारी दिनुभयो ।

युवा शक्तिको बढ्दो पलायन, बसाइँसराइ, बाँदर आतङ्क, जनशक्तिको अभावलगायत कारण बढ्दै गएको बाँझो जमिनको सदुपयोग गर्नका लागि पनि फलफूल खेती विस्तारमा नगरले जोड दिएको हो । किसानलाई बिरुवासँगै अन्य प्राविधिक सहयोग पनि नगरले गर्ने भएको छ ।

सुन्तला खेती हुँदै आएको छ । यी वडावाट वार्षिक रु चार करोडभन्दा बढीको सुन्तला निर्यात हुने गरेको छ । यी दुई वडामा सुन्तला खेतीको राम्रो सम्भावना रहेको छ । खानीगाउँ, मुडिकुवा, देवीस्थानमा आँप, लिची, कटहर, एभोकाडो, कागती, केरालगायत फलफूल प्रशस्त मात्रामा उत्पादन गर्न सकिने फलेवास नगरपालिकाका कृषि शाखा प्रमुख केदार सापकोटाले जानकारी दिनुभयो ।

किसानको माग सङ्ख्या र प्राथमिकताका आधारमा बिरुवाहरू उपलब्ध गराइने उहाँले बताउनुभयो । यसका लागि किसान वा कृषि संस्थाले नागरिकता, फर्म दर्ताको प्रमाणपत्र, जग्गाको लालपुर्जा, सम्बन्धित वडा कार्यालयको सिफारिस र न्यूनतम १० वटा बिरुवाभन्दा बढी माग गरेको निवेदन बुझाउनुपर्ने उहाँले बताउनुभयो ।

# दमौली आगलागी घटना : रु सात करोड बराबरको क्षति

**पोखरापत्र संवाददाता**
दमौली, ८ जेठ

तनहुँको व्यास नगरपालिका-३ मुख्यचोकस्थित फलफूल लाइनमा सोमबार बिहान भएको आगलागीमा करिब रु सात करोड क्षति भएको विवरण सङ्कलन गरिएको छ ।

व्यास नगरपालिकाले गठन गरेको समितिले आज सङ्कलन गरेको विवरणअनुसार रु छ करोड ९९ लाख ५१ हजार छ सय ७० को क्षति विवरण सङ्कलन भएको हो । समितिका संयोजक एवं व्यास-३का वडाध्यक्ष अनुप रानाले २१ जना पीडितसँग भेटेर विवरण सङ्कलन गरिएको जानकारी दिनुभयो । सङ्कलित क्षतिको विवरण नगर विपद् समितिमा पेस गरिने उहाँले बताउनुभयो । उहाँका अनुसार पीडितको भनाइका आधारमा क्षतिको विवरण सङ्कलन गरिएको छ । उहाँले भन्नुभयो, "पीडितले दिएको जानकारीअनुसार सबैभन्दा थोरै रु तीन लाख दश हजारदेखि रु एक करोड १५ लाखसम्मको क्षति भएको विवरण छ ।" इमेज मोबाइलको रु एक करोड १५ लाख र मदिरा विक्रेताको रु एक करोड १५ लाख क्षति भएको विवरण सङ्कलन गरिएको छ ।

व्यास नगरपालिकाले सोमबार वडाध्यक्ष रानाको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिमा जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय तनहुँ, जिल्ला प्रहरी कार्यालय तनहुँ, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि, तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार एकाइ सभापति सुकनारायण मल्ल, पीडितका तर्फबाट केहरसिंह आले, प्रतापसिंह अधिकारी र नगरपालिकाका इन्जिनियर सुवास गौतम सदस्य हुनुहुन्छ ।समितिलाई तीन दिनभित्र क्षतिको विवरण सङ्कलन गरी पेस गर्न भनिएको थियो । जिल्ला समन्वय समितिको स्वामित्वमा रहेका २१ पसल आगलागीबाट पूर्णरुपमा क्षति भएको छ । यहाँ आइसिक्रम पसल, सैलुन, फलफूल, मदिरा, मोबाइल, पुस्तक पसल, दूध डेरीलगायत सञ्चालनमा थिए । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले क्षतिको यकिन विवरण आएपछि नगर विपद् समितिले जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने बताउनुभयो ।

# राहुघाटको 'प्रेसर साफ्ट' 'ब्रेक थ्रु'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ जेठ

नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको 'प्रेसर साफ्ट' को 'ब्रेक थ्रु' भएको छ ।

रघुगङ्गा गाउँपालिका-३ पिप्लेस्थित मुख्य सुरुङको आउटलेट (अन्तिम विन्दु) देखि तिल्केनी चौरमा निर्माणाधीन विद्युत्गृहमा पानी खसाल्ने पाइप लाइन राख्ने सुरुङ मङ्गलबार दिउँसो जोडिएको हो । आयोजनाका व्यवस्थापक राजबहादुर विष्टले एक हजार ४९ मिटर लामो प्रेसर साफ्ट जोडिएको जानकारी दिनुभयो ।

"अडित २ र ३ को सुरुङ, ३२९ मिटर वटम र १९६ मिटर लामो भर्टिकल प्रेसर साफ्ट यसअघिनै जोडिएको थियो", उहाँले भन्नुभयो, "यस आयोजना निर्माणका लागि प्रेसर साफ्टको ब्रेक थ्रु हुनुलाई अर्को महत्वपूर्ण उपलब्धि मानेका छौं ।"

मुख्य सुरुङबाट आउने पानीलाई विद्युत्गृहमा लैजाने पाइप लाइन राख्नका लागि प्रेसर साफ्ट बनाइएको हो । सुरुङ जोडिएपछि प्रेसर साफ्टमा पाइपलाइन जडानको काम गर्ने राहुघाटको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्सले जनाएको छ । पिप्लेमा ६१ मिटर गहिरो सर्च साफ्ट निर्माण सकिएको छ । छ हजार दुई सय ७० मिटर लामो सुरुङमध्ये अडित १ र २ जोड्ने एक सय २५ मिटर मात्र खन्न बाँकी रहेको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताउनुभयो । दोस्रो र तेस्रो अडिट जोड्ने तीन हजार आठ सय ३६ मिटर लामो सुरुङ गत फागुन १० गते जोडिएको थियो ।

आयोजनाको सिभिलतर्फको समग्रमा भौतिक प्रगति ५७ प्रतिशतछ।भारतीयआयातनिर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)सँग २०७४ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो । ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ । विसं २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाइएको छ । इलेक्ट्रोमेकानिकलतर्फको भौतिक प्रगति २२ प्रतिशत छ । रघुगङ्गा गाउँपालिकाको वडा नम्बर ४ दग्नाम र ५ नम्बर वडा भिँकौ सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण तीव्रताका साथ भइरहेको छ। घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एक वटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सीधा सडकले जोडिएको छ। कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्र्याक्ट (इपिसी) प्रारुपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो ।

# बजेट अभावमा पर्वतका एक सय १५ खानेपानी आयोजना अधुरै

पोखरापत्र संवाददाता
पर्वत, ८ जेठ

बजेट अभावका कारण पर्वतका एक सय १५ खानेपानी आयोजना अधुरै रहेका छन् । 'एक घर एक धारा' पुऱ्याउने लक्ष्यसहित आर्थिक वर्ष २०६४/६५ देखि सुरु भएका दुईवर्षे र पाँचवर्षे योजना बजेट अभावमा डेढ दशकसम्म पनि बन्न सकेका छैनन् ।

'एक घर एक धारा' पुऱ्याउने लक्ष्यसहित आर्थिक वर्ष २०६४/६५ देखि सुरु भएका दुईवर्षे र पाँचवर्षे योजना बजेट अभावमा डेढ दशकसम्म पनि बन्न बन सकेका छैनन् । हाल जिल्लामा सङ्घीय र प्रदेश सरकारका रु दुई करोडदेखि रु २० करोड लागतका एक सय ३० खानेपानी आयोजना छन् । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङको पर्वत इकाइका इन्जिनियर प्रेम थापाले सात स्थानीय तहमा रहेका ती आयोजना सम्पन्न गर्न अहिलेको अवस्थामा करिब रु एक अर्ब ८० करोड बजेट आवश्यक पर्ने बताउनुभयो । "यहाँ रहेका आयोजना सम्पन्न गर्न अहिलेको बजार मूल्यअनुसार करिब रु एक अर्ब ८० करोडभन्दा बढी लागत लाग्ने देखिन्छ त र मन्त्रालयले बर्सेनि १० प्रतिशतभन्दा बढी बजेट दिनसकेको छैन । त्यसैले कम्तीमा दुईदेखि बढीमा पाँच वर्षभित्र सम्पन्न हुनुपर्ने योजना दशौं वर्षसम्म पनि निर्माण गर्न सकिएको छैन", थापाले भन्नुभयो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका प्रमुख सिनियर डिभिजनल इन्जिनियर किरण पौडेलले बर्सेनि कम्तीमा रु ५० करोड बजेट आवश्यक पर्नेमा चालु आर्थिक वर्षमा रु १८ करोड ९० लाख मात्र अख्तियारी आएको बताउनुभयो । "यो वर्ष आवश्यक बजेटको १० प्रतिशत मात्र विनियोजन भएको छ", पौडेलले भन्नुभयो, "हामीले द्रुतगतिमा काम गर्छौं भने पनि बजेट अभावले कार्यान्वयनमा रहेका योजना पनि सोअनुसार अगाडि बढाउन सकेका छैनौं । त्यसैले धेरै योजना भनावशेषमा परिणत हुँदैछन् ।" उहाँका अनुसार यस वर्ष १५ वटा योजना भने सम्पन्न गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । यहाँका अधिकांश आयोजना लागत साझेदारीमा सञ्चालित छन् । उपभोक्ताले २० प्रतिशत श्रमदान र मर्मतसम्भार कोषमा एक प्रतिशत नगद लगानी गर्नुपर्ने नियम छ । अधिकांश आयोजनाका उपभोक्ता समितिले आफ्नो दायित्व निर्वाह गरे पनि सरकारले पर्याप्त बजेट विनियोजना नगर्दा थप काम अगाडि नबढेका हुन् । स्थानीय उपभोक्ता कमल भुसालले घरघरमा पानी पाउने आशामा श्रमदान र मर्मतसम्भार कोषमा रकम जम्मा गरे पनि समयमा योजना नबन्दा निराश बन्ने अवस्था आएको गुनासो गर्नुभयो । "दुई वर्षमा सक्नेगरी आर्थिक वर्ष २०७५/७६ मा सुरु भएको बृहत् शङ्करपोखरी खानेपानी आयोजनाको लागत स्टिमेट रु १८ करोड ८८ लाखको थियो । हामीले उपभोक्ताले तिर्नुपर्ने रकम जम्मा गरिसकेका छौं । उक्त योजनाका लागि यस वर्ष रु ६० लाखमात्रै बजेट विनियोजन भएकाले अहिलेसम्म सम्पन्न हुन नसकेको जवाफ पाएका छौं । यसले हामी निराश भइसक्यौं", भुसालले राससँग गुनासो गर्नुभयो । तीन वर्षमा सक्ने गरी २०७५ सालमा सुदूरदक्षिणमा सुरु भएको शालिग्राम खानेपानी आयोजनाको काम पूरा नहुँदै जीर्ण बनेको छ । आयोजनाका लागि चालु आवमा रु ४० लाख बजेट विनियोजन भएको छ ।

विसं २०६४ मा सुरु भएको मोदी गाउँपालिका-६ को चित्रे-तिलाहार खानेपानी आयोजना पनि निर्माण सम्पन्न नहुँदै जीर्ण बनेको उपभोक्ताको गुनासो छ । उक्त योजनाका लागि चालु वर्ष रु ३० लाख मात्रै बजेट विनियोजन भएको छ । विसं २०७१ मा रु आठ करोड लागत अनुमान गरी सुरु भएको लुङ्खु खानेपानी आयोजना बजेट अभावकै कारण अलपत्र बनेको स्थानीय जीवन ठकुरीले जानकारी दिनुभयो । अहिले यो योजनाका लागि रु ३७ लाख विनियोजन गरिएको छ । "एक घर एक धारा पुऱ्याउने सङ्घीय र प्रदेश सरकारको लक्ष्य भए पनि पर्याप्त बजेट नहुँदा १६ वर्षअघि देखिका योजनासमेत पूरा हुन सकेका छैनन्, यद्यपि करिब १५ हजार घरमा एक घर एक धारा जडान भएको छ", कार्यालय प्रमुख पौडेलले भन्नुभयो, "योजना थप्दै जाने तर पर्याप्त बजेट विनियोजन नहुने समस्याले अधुरा र अपूरा योजनाको सङ्ख्या बढ्दै गएका छन् । अब बजेटको आकार बढाउन पहल गर्नुपर्ने आवश्यकता छ ।"



भैँसीपालनः
म्याग्दीको बेनी नगरपालिका-६ वास्कोटका कृषक दुर्गा पौडेलले सञ्चालन गरेको बरदान पशुपंक्षी फर्ममा व्यवसायिक रुपमा पालिएका भैंसी । दैनिक दुई सय लिटर दुध बेच्ने पौडेलको गोठमा अहिले चार गाई र २७ भैंसी छन् । तस्बिर : ध्रुवसागर शर्मा / रासस

# बाराही माविलाई क्रिकेट जर्सी हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

पोखरा महानगरपालिका वडा नम्बर ५ मा रहेको बाराही माविलाई क्रिकेट जर्सी हस्तान्तरण गरिएको छ । पोखरा ५ प्रस्यांडमा रहेको जगदम्बा प्रतिष्ठानले छात्राका लागि १५ सेट क्रिकेट जर्सी विद्यालयलाई हस्तान्तरण गरेको हो ।



जर्सी लिँदै बाराही माविका प्रधानाध्यापक शिव भण्डारीले विद्यार्थीलाई पढाइ सगैं सगैं खेल क्षेत्रमा पनि विद्यार्थीलाई हौसला दिने गरेको बताए । उनले जर्सी सहयोगले विद्यार्थीको खेल क्षेत्रमा पनि उत्साह बढ्ने बताए ।

जर्सी हस्तान्तरण गर्दै जगदम्बा प्रतिष्ठानका अध्यक्ष (जगदम्बा टुर्स एण्ड ट्राभल्सका संचालक केशव प्रसाद अधिकारीले अहिले पढाइ सगैं सगैं चौतर्फिक ज्ञान आवश्यक पर्ने बताए । उनले खेलबाट पनि विद्यार्थीले केही न केही सिकाइ हुने बताए । उनले आफुपनि सो विद्यालयमा पढेको बताउँदै विद्यार्थीलाई खेल र पढाई दुबैलाई अगाडी बढाउनु पर्ने बताए । विद्यालयका खेल प्रशिक्षक शुसिल केसीले विद्यालयको आफ्नै खेल मैदान भएका कारण खेलमा रुचि भएका विद्यार्थीहरु पनि धेरै नै भएको बताए ।

कक्षा १ देखी १२ सम्म पढाइ हुने बाराही माविमा ८ सय ५५ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

# म्याग्दीमा नौ सय रोपनी जग्गामा बर्खे आलुखेती

पोखरापत्र संवाददाता
म्याग्दी, ८ जेठ

म्याग्दीमा यस वर्ष नौ सय रोपनी जग्गामा व्यावसायिक रूपमा खायन जातको बर्खे आलुखेती गरिएको छ ।

जिल्लाका विभिन्न १३ वटा कृषक समूहका दुई सय किसानले कृषि ज्ञान केन्द्र म्याग्दीबाट रु एक करोड तीन लाख ७४ हजार पाँच सय ९४ मूल्यको आलुको बीउ खरिद गरेर व्यावसायिक रूपमा आलुखेती गरेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । कृषि ज्ञान केन्द्र म्याग्दीका प्राविधिक सहायक नवराज भुसालका अनुसार समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजनाअन्तर्गत खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रममार्फत म्याग्दीभित्रका १३ वटा कृषक समूहले रु एक करोड तीन लाख ७४ हजार पाँच सय ९४ मूल्यको आलुको बीउ खरिद गरेर लगाएका हुन् । कृषक समूहका करिब दुई सय परिवारले म्याग्दीको रघुगङ्गा, धवलागिरि, मङ्गला गाउँपालिका र बेनी नगरपालिकाका आठ सय ९८ रोपनी क्षेत्रफलमा उक्त मूल्य बराबरको आलु लगाइएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार यस वर्ष बर्खे आलुका लागि विभिन्न १५ वटा कृषक समूह छनोट भएको भए पनि कार्यक्रमका लागि सम्झौता गर्न १३ वटा समूहमात्रै आएका थिए । ज्ञान केन्द्रले आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गतको खायन आलु उत्पादन प्रवर्द्धनअन्तर्गत आलु लगाइएको क्षेत्रको अनुगमन गर्दा उत्पादकत्व राम्रो हुने देखिएको ज्ञान केन्द्र प्रमुख सज्जीव बाँस्तोलाले बताउनुभयो । "जिल्लाको उत्पादकत्वका हिसाबले हेर्दा यस वर्ष सात सय ६५ मेट्रिक टन आलु उत्पादन हुने देखिन्छ", केन्द्र प्रमुख बाँस्तोलाले भन्नुभयो, "आठ सय ९८ रोपनी भनेको ४५ हेक्टर क्षेत्रफल हो र प्रतिहेक्टर म्याग्दीमा १७ मेट्रिक टन उत्पादन हुने देखिन्छ । आलुको बोट हालसम्मको गुणस्तर हेर्दा अन्य कुनै रोग कीराको समस्या भएन भने यस वर्ष करिब आठ सय मेट्रिक टन आलु उत्पादन हुने हामीले अनुमान गरेका छौं ।" यस वर्ष पश्चिम म्याग्दीको धवलागिरि-७ ताकम, धवलागिरी-४ मुदीको बगर, उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ को खिबाङ, रघुगङ्गा-६ ठाडाखानीलगायत क्षेत्रमा बर्खे आलु लगाइएको छ । त्यस्तै बेनी नगरपालिका-३ को भुकभुके, मङ्गला गाउँपालिका-२ हिदीलगायत क्षेत्रमा पनि आलु उत्पादन राम्रो हुने भएकाले त्यस क्षेत्रमा आलु उत्पादनका लागि अनुदान वितरण गरिएको उहाँले जानकारी दिनुभयो । यसपटक २५ प्रतिशत किसानको र ७५ प्रतिशत अनुदान गरी प्रतिरोपनी रु ११ हजार पाँच सय ५३ बराबरको बीउ खरिद गरेर आलुखेती गरिएको हो ।

# व्यास नगरपालिका 'पूर्णखोप सुनिश्चित' घोषित

पोखरापत्र संवाददाता
तनहुँ, ८ जेठ

व्यास नगरपालिकालाई पूर्णखोप सुनिश्चितता भएको नगरपालिका घोषणा गरिएको छ । नगरपालिकाभित्रका लक्षित बालबालिकालाई सबै खोपलगाइएपछिनगरपालिकालाई पूर्णखोप सुनिश्चितता भएको पालिका घोषणा गरिएको हो ।



नगरपालिकाभित्रका १६ महिनादेखि ५९ महिनासम्मका सबै बालबालिकालाई खोप लगाएपछि पूर्णखोप सुनिश्चिता घोषणा गरिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले जानकारी दिनुभयो । यसक्रममा १६ महिनादेखि पाँच वर्षसम्मका दुई हजार आठ सय १८ बालबालिकालाई सबै खोपको पहुँचमा ल्याइएको तथा १५ महिनासम्मका एक हजार ११ बालबालिकालाई खोप लगाइएको उहाँले बताउनुभयो ।

नगरपालिकाको सभाहलमा सोमबार आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख एवं खोप समन्वय समितिका संयोजक शान्तिरमण वाग्लेले व्यास नगरपालिकाका प्रमुखवैकुण्ठन्यौपानेलाईपूर्णखोप सुनिश्चितताको प्रमाणपत्र प्रदान गर्नुभएको छ ।

त्यस अवसरमा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठलेपूर्णखोपसुनिश्चितताअभियानलाई दिगोपना कायम राख्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखेल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, स्वास्थ्य कार्यालय तनहुँका प्रमुख विद्या तामाङलगायत वक्ताले पूर्णखोप घोषणा भएसँगै भविष्यमा पनि यसलाई कायम राख्न सम्बन्धित सबै सजग हुनुपर्नेमा जोड दिनुभएको थियो ।

# बागलुङका ११ हजार बालबालिकालाई आइपिभी खोप लगाइँदै

पोखरापत्र संवाददाता
बागलुङ, ८ जेठ

बागलुङमा यस वर्ष ११ हजार सात सय ७१ जना बालबालिकाका लागि यही जेठ १३ देखि २६ गतेसम्म आइपिभी खोप अभियान सञ्चालन हुने भएको छ ।

खोप अभावका कारण २०७३ साल वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकाले यो खोप नपाएकाले खोप अभियान प्रारम्भ हुन लागेको हो । जिल्लाका दशवटै स्थानीय तहमा खोप सञ्चालनका लागि स्वास्थ्य कार्यालय बागलुङले आवश्यक तयारी थालेको जनाएको छ ।

विकट ग्रामीण भेगका बालकालिकालाई खोपको पहुँचमा ल्याउन तीन सय ३९ स्थानमा खोप लगाइने जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख बाबुराम आचार्यले राससलाई बताउनुभयो । कुनै पनि बालबालिका आइपिभी खोपबाट बञ्चित नहोउन् भन्ने उद्देश्यसहित तीन सय ३९ जना स्वास्थ्यकर्मी, छ सय ८९ जना स्वयंसेवक खटाइने प्रमख आचार्यले जानकारी दिनुभयो ।

खोप व्यवस्थापन तथा अनुगमनका लागि ९५ जनालाई खटाइने प्रमुख आचार्यले बताउनुभयोस्वास्थ्यकर्मीलेविद्यालय, स्वास्थ्यचौकी तथा सार्वजनिक स्थानमा बालबालिकालाई पायक पर्ने ठाउँमा पुगेर खोप लगाउने उहाँले बताउनुभयो । खोप अभियानलाई प्रभावकारी बनाउन जिल्लास्थित पालिका, अस्पताल, स्वास्थ्यचौकीसँग सहकार्य गरिने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विश्वबाट पोलियो निवारण गर्ने उद्देश्य पूरा गर्न यो खोप सञ्चालन गर्न थालिएको हो, नेपालमा मात्र यस वर्ष १४ लाख ६२ हजार सात सय १२ जना बालबालिकालाई आइपिभी खोप लगाउने तयारी छ । सोहीअनुसार बागलुङमा पनि यो अभियान सञ्चालन गर्न थालेका हौं, सबै ठाउँका बालबालिकालाई यो खोप लगाउने गरी योजना बनाएका छौं ।"

# मनाङमा आठ महिनामा नौ सय ५० सवारी चालक कारबाहीमा

पोखरापत्र संवाददाता
मनाङ, ८ जेठ

मनाङमा आठ महिनामा नौ सय ५० सवारीचालक कारबाहीमा परेका छन् ।

आर्थिक वर्ष २०८०/८१ को आठ महिनामा ५६ ट्रक, आठ सय ३४ कार/ जीप, ५० ट्याक्टर र दश मोटरसाइकल गरी सवारीचालक कारबाहीमा परेका हुन् । प्रहरी नायब उपरीक्षक एवम् प्रमुख नरेशकुमार सिंहले कारबाहीबाट रु नौं लाख ९३ हजार पाँच सय राजस्व सङ्कलन भएको छ । त्यसमध्ये ट्रक कारबाहीबाट रु ५१ हजार, कार जीपबाट रु आठ लाख २९ हजार पाँच सय, ट्याक्टर कारबाहीबाट रु ५२ हजार, मोटरसाइकल कारबाहीबाट रु सात हजार राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो । चालु आवको साउनमा ८० सवारीचालकबाट रु ८१ हजार पाँच सय, भदौमा ६७ बाट रु ६५ हजार, असोजमा एक सय ४५ बाट रु एक लाख ४८ हजार पाँच सय र कात्तिकमा दुई सय ९१ सवारीचालक कारबाहीबाट रु दुई लाख ९५ हजार पाँच सय राजस्व संकलन भएको छ । यस्तै मङ्सिरमा एक सय ७५ सवारीचालकबाट रु एक लाख ६६ हजार, पुसमा ४३ बाट रु ३८ हजार पाँच सय, माघमा १५ बाट रु ११ हजार पाँच सय, फागुनमा ४२ बाट रु ३४ हजार र चैतमा ९२ सवारीचालक कारबाहीमा परेकाले रु ९९ हजार राजस्व सङ्कलन गरेको प्रहरीले जनाएको छ । मनाङमा कम सवारीसाधन सञ्चालन हुने गरे पनि कानुनी तथा ट्राफिक नियम पालना नगर्दा कारबाहीमा पर्ने गरेका छन् । त्यसैले ट्राफिक नियमको पालना गर्न जिल्ला प्रहरी कार्यालयले सबैलाई अनुरोध गरेको छ । समय समयमा ट्राफिक नियमको पालना गराउने उद्देश्यले विद्यालयस्तरीय कार्यक्रम तथा स्थानीयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरिएको प्रमुख सिंहले बताउनुभयो । उहाँले भन्नुभयो, "मनाङजस्तो विकट ठाउँमा सवारी कारबाही गर्न नपर्ने गरी ट्राफिक नियमको पालना गराउनमा प्रहरी लागिपरेको छ । यसलाई थप व्यवस्थित गर्दै लैजाने छौं ।"

# उदिपुर-मार्कीचोक-भरतपुर २२० केभी प्रसारण लाइन निर्माणमा विलम्ब

पोखरापत्र संवाददाता
लमजुङ, ८ जेठ

सामाजिक समस्या तथा जङ्गल कटानीलगायत कारणले निर्माणाधीन दुई सय २० केभी उदिपुर-मार्कीचोक-भरतपुर प्रसारण लाइनको काम ठप्पप्रायः छ । तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य निर्धारण भएको तीन अर्ब लागतको परियोजनाको काम छ वर्षमा पनि पूरा भएको छैन ।

हालसम्म ७० प्रतिशतमात्र निर्माण सम्पन्न भएको परियोजनाको उदिपुर-भरतपुर डिभिजन प्रमुख नारायण रेग्मीले बताउनुभयो । दुई सय २० केभी उदिपुर-मार्कीचोक-भरतपुर 'डबल सर्किट' प्रसारण लाइन निर्माण सन् २०१८ जनवरी १७ देखि थालिएकोमा कारोना महामारी र बन कटानीलगायत कारणले पूरा हुन नसकेको उहाँको तर्क छ । विसं २०८१ साउन १५ गतेभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनीको म्याद थपिएको छ । आयोजनाकाअनुसार लमजुङको उदिपुरबाट चितवनको भरतपुरसम्म ६७ किलोमिटर प्रसारण लाइन पुऱ्याउनका एक सय ९९ वटा टावर आवश्यक पर्नेछन् । हालसम्म एक सय २० टावरको फाउण्डेशन तयार भएको छ । गोरखा र तनहुँमा गरी १० हजार दुई सय २५ वटा रुख फडानीको तयारी भएको डिभिजन प्रमुख रेग्मीले बताउनुभयो । लमजुङमा निर्माण हुने ४५ वटा टावरमध्ये ३२ सम्पन्न भइसकेका छन् । मध्यमर्स्याङ्दी जलविद्युत् केन्द्रको स्वीच यार्डसम्म लाइन पुऱ्याउन छ किलोमिटरसम्म यही प्रसारण लाइन प्रयोग भएको छ । उदिपुरबाट मध्यमर्स्याङ्दीसम्मको छ किलोमिटर खण्डमा १७ वटा टावर छन् ।